# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७२) काठमाडौं, असार २० गते, २०७९ साल (संख्या १९

## भाग ३

### नेपाल सरकार

### प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

### सूचना

**सार्वजनिक खरिद (बाह्रौं संशोधन) नियमावली, २०७९**

सार्वजनिक खरिद नियमावली, २०६४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "सार्वजनिक खरिद (बाह्रौं संशोधन) नियमावली, २०७९" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. **सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २६ मा संशोधन**: सार्वजनिक खरिद नियमावली, २०६४ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २६ को,-

(१) उपनियम (१) को खण्ड (ग) मा रहेका "पाँच वर्षमा" भन्ने शब्दहरूको सट्टा "दश वर्षमा" भन्ने शब्दहरू राखी सोही खण्डको उपखण्ड (१) र (२) को सट्टा देहायका उपखण्ड (१) र (२) राखिएका छन्:-

"(१) दुई करोड रुपैयाँदेखि पाँच करोड रुपैयाँसम्मको खरिद कार्य भएमा लागत अनुमानको कम्तीमा चालीस प्रतिशत रकम बराबरको कम्तीमा एउटा,

(२) पाँच करोड रुपैयाँभन्दा बढीको खरिद कार्य भएमा लागत अनुमानको कम्तीमा साठी प्रतिशत रकम बराबरको एउटा।"

(२) उपनियम (२ख) मा रहेका "विशेष अनुभव निर्धारण गर्दा" भन्ने शब्दहरू पछि "पर्याप्त सङ्ख्यामा अनुभव प्राप्त स्वदेशी बोलपत्रदाता उपलब्ध हुन नसक्ने सुरुङ्गमार्ग, विमानस्थल जस्ता निर्माण कार्यहरू बाहेकका" भन्ने शब्दहरू थपिएका छन् ।

३. **मूल नियमावलीको नियम ३१ङ. मा संशोधन**: मूल नियमावलीको नियम ३१ङ. को,-

(१) उपनियम (१) मा रहेका “तीन अर्ब रुपैयाँ” भन्ने शब्दहरूको सट्टा “पाँच अर्ब रुपैयाँ” भन्ने शब्दहरू राखिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (२), (३), (४), (५), (६) र (७) झिकिएका छन्।

४. **मूल नियमावलीमा नियम ३१ज. थप:** मूल नियमावलीको नियम ३१छ. पछि देहायको ३१ज. थपिएको छः-

"**३१ज. दुई खाम विधिबाट गरिने खरिदको कार्यविधि:** (१) बोलपत्रदाताको योग्यता आवश्यक पर्ने किसिमको मालसामान खरिद वा दुई करोड रुपैयाँभन्दा बढीको निर्माण कार्य गर्नु पर्दा बोलपत्रदाताले प्राविधिक र आर्थिक प्रस्ताव दुई अलग अलग खाममा राखी पेश गर्नु पर्नेछ।

(२) उपनियम (१) को प्रयोजनका लागि प्राविधिक र आर्थिक प्रस्ताव दुई अलग अलग खाममा राखी सिलबन्दी गरी प्रत्येक खामको बाहिर कुन प्रस्ताव हो स्पष्ट रूपले उल्लेख गरी दुवै प्रस्तावलाई अर्को छुट्टै बाहिरी खाममा सिलबन्दी गरी बोलपत्र पेश गर्नु पर्ने व्यहोरा, बोलपत्र आह्वानको सूचनाको विवरण र बोलपत्रसाथ संलग्न कागजातको विवरण खुलाउनु पर्नेछ।

(३) उपनियम (१) बमोजिम बोलपत्र सम्बन्धी कागजात तयार गर्दा प्राविधिक प्रस्तावको लागि नियम २५, २६, २८ र २९ बमोजिमको प्राविधिक तथा आर्थिक र वित्तीय क्षमता प्रमाणित गर्ने योग्यताको आधार उल्लेख गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिमको प्राविधिक प्रस्ताव ऐनको दफा ३२ बमोजिमको प्रक्रियाबाट



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खोली दफा २३ र नियम ५९, ६०, ६२ र ६३ बमोजिम परीक्षण गरी सारभूत रूपमा प्रभावग्राही बोलपत्र निर्धारण गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिमका योग्यताको सबै आधारमा सफल हुने बोलपत्र सारभूत रूपमा प्रभावग्राही बोलपत्र मानिनेछ र त्यस्तो सफल सबै बोलपत्रदातालाई आर्थिक प्रस्ताव खोल्ने स्थान, मिति र समय उल्लेख गरी सो मिति र समयमा उपस्थित हुन राष्ट्रियस्तरको बोलपत्रको हकमा कम्तीमा सात दिन र अन्तर्राष्ट्रियस्तरको बोलपत्रको हकमा कम्तीमा पन्ध्र दिनको अवधि दिई सूचना गर्नु पर्नेछ।

(६) उपनियम (४) बमोजिम प्राविधिक प्रस्तावको मूल्याङ्कन गर्दा योग्यताको आधारमा असफल हुने सबै बोलपत्रदाताको आर्थिक प्रस्ताव सम्बन्धित बोलपत्रदातालाई फिर्ता गर्नु पर्नेछ।

तर विद्युतीय खरिद प्रणालीद्वारा बोलपत्र पेश गर्ने बोलपत्रदाताको आर्थिक प्रस्ताव फिर्ता हुने छैन।

(७) उपनियम (४) बमोजिमको सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाताको नियम ७९ बमोजिमको प्रक्रियाबाट आर्थिक प्रस्ताव खोली ऐनको दफा २५ र नियम ६१, ६४ र ६५ बमोजिम आर्थिक तथा विशेष मूल्याङ्कन गरी न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही बोलपत्रको छनौट गर्नु पर्नेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. **मूल नियमावलीको नियम ६५ मा संशोधन** : मूल नियमावलीको नियम ६५ को,-

(१) उपनियम (४घ१) को सट्टा देहायको उपनियम (४घ१) राखिएको छः-

"(४घ१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो उपनियम प्रारम्भ भएपछि एकल वा संयुक्त उपक्रमको रूपमा पाँच वटा खरिद सम्झौता गरी सो सम्झौता बमोजिमको कार्य सम्पन्न गर्न बाँकी रहेका निर्माण व्यवसायीले यो उपनियम प्रारम्भ भएपछि निर्माण कार्यको लागि आह्वान हुने खुला बोलपत्र प्रक्रियामा एकल वा संयुक्त उपक्रमको रुपमा भाग लिन पाउने छैन।"

(२) उपनियम (४घ२) को,-

(क) खण्ड (क) को अन्त्यमा रहेको "वा" भन्ने शब्द झिकिएको छ ।

(ख) खण्ड (ख) मा रहेका "भएको।" भन्ने शब्दको सट्टा "भएको, वा" भन्ने शब्दहरू राखिएका छन् ।

(ग) खण्ड (ख) पछि देहाय बमोजिमको खण्ड (ग) थपिएको छः-

"(ग) सबै प्रकारका वैदेशिक सहायतामा सञ्चालन हुने गरी बोलपत्र आह्वान भएको वा खरिद सम्झौता भएको "



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपनियम (४घ३) मा रहेका "बोलपत्र प्रक्रियामा भाग नलिएको" भन्ने शब्दहरूको सट्टा "खरिद सम्झौता नभएको" भन्ने शब्दहरू राखिएका छन्।

(४) उपनियम (४घ४) मा रहेका "भाग लिन" भन्ने शब्दहरूको सट्टा "भाग लिई सम्झौता गर्न" भन्ने शब्दहरू राखिएका छन् ।

(५) उपनियम (४ङ१) पछि देहायको उपनियम (४ङ२), (४ङ३), (४ङ४) र (४ङ५) थपिएका छन्:-

"(४ङ२) उपनियम (४घ१) को अधीनमा रही कुनै बोलपत्रदाताले बोलपत्र पेश गर्दा पाँच वटा भन्दा बढी बोलपत्र पेश गरेमा त्यसरी पेश भएका बोलपत्रहरूमध्ये न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही ठहरिएका शुरूका पाँच वटा बोलपत्रमा सम्झौता गर्नु पर्नेछ र सो भन्दा पछिका अन्य सबै बोलपत्र स्वतः मूल्याङ्कनको प्रक्रियाबाट हटेको मानिनेछन्। यस उपनियमको प्रयोजनको लागि बोलपत्रको क्रम निर्धारण गर्दा बोलपत्र स्वीकृत भएको मितिको आधारमा निर्धारण गर्नु पर्नेछ।

(४ङ३) उपनियम (४ङ२) बमोजिम खरिद सम्झौता गरेका निर्माण व्यवसायीले अन्य सार्वजनिक निकायमा बोलपत्र दाखिला गरेको भए पाँचौं बोलपत्र स्वीकृत भएको जानकारी प्राप्त गरेको मितिले तीन दिनभित्र सम्बन्धित सार्वजनिक निकायलाई लिखित रूपमा जानकारी गराउनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४ङ४) उपनियम (४ङ३) बमोजिम जानकारी प्राप्त भएको अवस्थामा सम्बन्धित सार्वजनिक निकायले त्यस्तो बोलपत्रदातालाई बोलपत्रको मूल्याङ्कन प्रक्रियाबाट हटाउनु पर्नेछ। यसरी मूल्याङ्कन प्रक्रियाबाट हटाइएका बोलपत्रदाताबाट पेश भएको बोलपत्र जमानत जफत गरिने छैन।

(४ङ५) उपनियम (४ङ३) बमोजिम सार्वजनिक निकायलाई जानकारी नगराएमा वा जानकारी गराउनुपर्ने अवधि व्यतीत भएपछि सार्वजनिक निकायले अन्य कुनै माध्यमबाट जानकारी प्राप्त गरेमा सार्वजनिक निकायले त्यस्तो बोलपत्रदाताको बोलपत्र जमानत जफत गरी निजलाई नियम १४१ बमोजिम कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखी पठाउनु पर्नेछ।"

६. **<u>मूल नियमावलीको नियम ७० मा संशोधन</u>** : मूल नियमावलीको नियम ७० को उपनियम (४) पछि देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर सचिव वा विशिष्ट श्रेणीको प्रशासकीय प्रमुखले आफ्नो कार्यालयको लागि गरिने खरिदको लागि आशयपत्र माग गर्दा एक तह माथिको अधिकारीको स्वीकृति लिनु पर्ने छैन।"

७. **<u>मूल नियमावलीको नियम ८५ मा संशोधन</u>** : मूल नियमावलीको नियम ८५ को उपनियम (१) को,-

(१) खण्ड (क१) मा रहेका "परामर्श सेवा" भन्ने शब्दहरू पछि "वा अन्य सेवा" भन्ने शब्दहरू थपिएका छन्।

(२) खण्ड (क१) पछि देहायको खण्ड (क२) थपिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(क२) कम्पनीको आधिकारिक मर्मत वा सर्भिस सेन्टरबाट गरिने सवारी साधन, मेसिनरी, औजार, ईलेक्ट्रिक डिभाइसको पाँच लाख रुपैयाँसम्मको मर्मत सम्भार,"

८. **<u>मूल नियमावलीको नियम ९७ मा संशोधन</u>** : मूल नियमावलीको नियम ९७ को ठाउँ ठाउँमा रहेका "वा समुदाय" भन्ने शब्दहरू झिकिएका छन्।

९. **<u>मूल नियमावलीको नियम ११२ मा संशोधन</u>** : मूल नियमावलीको नियम ११२ को उपनियम (३) पछि देहायको उपनियम (३क) थपिएको छः-

"(३क) नियम ९७ वा नियम ९७क. बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायबाट बीस लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गराउँदा सम्झौता रकममा बीमा वापतको खर्च व्यहोर्ने रकम समावेश गरी सोही रकमबाट उपभोक्ता समिति तथा लाभग्राही समुदायले उपनियम (१) बमोजिम बीमा गराउनु पर्नेछ । यसरी बीमा गराउने कार्यको लागि सम्बन्धित सार्वजनिक निकायले सहजीकरण गरिदिनु पर्नेछ ।"

१०. **<u>मूल नियमावलीको नियम १२० मा संशोधन</u>** : मूल नियमावलीको नियम १२० को उपनियम (१३) मा रहेको "तालुक निकायले" भन्ने शब्दहरू पछि "छ महिनाभित्र" भन्ने शब्दहरू थपिएका छन् ।

११. **<u>मूल नियमावलीमा नियम १२०क. थप</u>:** मूल नियमावलीको नियम १२० पछि देहायको नियम १२०क. थपिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"**१२०क. <u>खरिद सम्झौताको अवधि थप सम्बन्धी विशेष व्यवस्थाः</u>** (१) नियम १२० मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ हुँदाका बखत खरिद सम्झौताको अवधि समाप्त भएको वा संवत् २०७९ साल असार मसान्तसम्म खरिद सम्झौताको अवधि समाप्त हुने तर खरिद सम्झौता बमोजिमको काम सम्पन्न नभएको वा हुन नसक्ने अवस्थामा रहेको वा यो नियम प्रारम्भ हुनु अघि अवधि थपको लागि सार्वजनिक निकाय समक्ष निवेदन परी सो सम्बन्धमा कुनै निर्णय नभएको निर्माण कार्यको हकमा सम्बन्धित निर्माण व्यवसायीले यो नियम प्रारम्भ भएको एक्काइस दिनभित्र संशोधित कार्यतालिका सहित सम्झौताको अवधि थपको लागि सम्बन्धित निकायमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा सम्बन्धित अधिकार प्राप्त अधिकारीले उपनियम (१) बमोजिम पेश भएको कार्यतालिका जाँच गरी आवश्यक देखिएमा परिमार्जन गरी पुनः पेश गर्न सम्बन्धित निर्माण व्यवसायीलाई निर्देशन दिन सक्नेछ ।

(३) उपनियम (१) वा (२) बमोजिम संशोधित कार्यतालिका पेश भए पश्चात बोलपत्र स्वीकृत गर्ने अधिकारीले कम्तीमा दुई वटा प्रगति हासिल गर्नु पर्ने सीमा (माइलस्टोन) तोकी थप आर्थिक व्ययभार नपर्ने गरी बढीमा संवत् २०८०



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

साल असार मसान्तसम्म म्याद थप गर्न सक्नेछ । सम्बन्धित निर्माण व्यवसायीले त्यस्तो प्रगति हासिल नगरेमा नियम १२१ बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति तिर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिमको म्याद थप सम्बन्धी निर्णय उपनियम (१) बमोजिम निवेदन प्राप्त भएको तीस दिनभित्र गरिसक्नु पर्नेछ । यसरी समयमा नै म्याद थप सम्बन्धी निर्णय नगर्ने पदाधिकारी वा कर्मचारीलाई तालुक निकायले प्रचलित कानून बमोजिम विभागीय कारबाही गर्नु पर्नेछ ।

(५) उपनियम (३) बमोजिम थप गरिएको अवधिसम्म पनि निर्माण कार्य सम्पन्न नभएमा वा उपनियम (१) मा तोकिएको अवधिभित्र सम्बन्धित निर्माण व्यवसायीले सम्झौताको अवधि थपको लागि निवेदन नदिएमा नियम १२० को उपनियम (११) बमोजिम खरिद सम्झौताको अन्त्य गर्नु पर्नेछ ।

(६) उपनियम (३) बमोजिम थप गरिएको अवधिमा पेश भएको कार्यतालिका बमोजिम निर्माण कार्यको प्रगति भए नभएको सम्बन्धमा सम्बन्धित मन्त्रालयले अनुगमन गर्नु पर्नेछ ।

(७) यस नियममा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ हुँदाका बखत नियम १२० बमोजिम खरिद सम्झौताको अवधि थपको लागि निवेदन नपरेका र कार्यस्थलमा छ महिनादेखि



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्झौताबमोजिम कुनै पनि कार्य नगरेका निर्माण व्यवसायीको खरिद सम्झौताको म्याद थप गरिने छैन।

(८) उपनियम (७) बमोजिम म्याद थप हुन नसक्ने खरिद सम्झौतालाई सार्वजनिक निकायले नियम १२० को उपनियम (११) बमोजिम अन्त्य गरी सो नियमको उपनियम (१२) बमोजिम कालोसूचीमा राख्न लेखी पठाउनु पर्नेछ।"

१२. **<u>मूल नियमावलीमा नियम १४१क. थप</u>:** मूल नियमावलीको नियम १४१ पछि देहायको नियम १४१क. थपिएको छः-

"१४१क. **<u>कालोसूचीको निर्णय कार्यान्वयन सम्बन्धी विशेष व्यवस्था</u>:** सार्वजनिक खरिद अनुगमन कार्यालयले नियम १४१ बमोजिम कालोसूचीमा राखेको निर्णय उपर कुनै बोलपत्रदाताले दायर गरेको निवेदनको आधारमा कुनै अदालतबाट आदेश जारी भई कालोसूचीमा राख्ने निर्णय स्थगन भएकोमा त्यसरी कालोसूचीमा राख्ने निर्णय अदालतबाट बदर भएको अवस्थामा बाहेक त्यस्तो आदेश खारेज भएमा सोको जानकारी प्राप्त भएपछि सार्वजनिक खरिद अनुगमन कार्यालयले आफूले पहिले कालोसूचीमा राख्ने निर्णय गरेको मितिदेखि सो आदेश अनुसार कालोसूचीमा राख्ने निर्णय स्थगन हुनु अघिसम्म निज बोलपत्रदातालाई बोलपत्रको कारबाहीमा भाग लिन निषेध गरिएको अवधि कटाई बाँकी रहने अवधिको हिसाब गरी बाँकी अवधिको लागि पूर्व निर्णय



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बमोजिम कालोसूचीको निर्णय कार्यान्वयन गर्नु पर्नेछ।"

**१३. <u>खारेजी:</u>** मूल नियमावलीको नियम ११०क. खारेज गरिएको छ।

**आज्ञाले,**
**धनराज ज्ञवाली**
**नेपाल सरकारको सचिव ।**

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।